**छलफल तथा निर्णयहरु**

१. भौतिक पूर्वाधार तथा निजी क्षेत्र महाशाखाबाट प्रस्तुत भएको **'Optimal Distributed Generation resource placement planning with Grid interconnection considering energy access to all with participation of Local Level Governments'** विषयमा अध्ययन गराउने सम्बन्धमा सम्बन्धित महाशाखाले विस्तृत कार्यशर्त तयार गरी उद्योग, वातावरण तथा प्रशासन महाशाखासँगको समन्वयमा कार्य अघि बढाउने ।

२. उद्योग, वातावरण तथा प्रशासन महाशाखाबाट प्रस्तुत **"आयोजनाको राष्ट्रिय प्राथमिकता निर्धारण सम्बन्धी मापदण्ड, २०७४" का** सम्बन्धमा बैठकमा प्राप्त हुन आएका सुझावहरुलाई समेटी आवश्यक परिमार्जन सहित आगामी बैठकमा पेश गर्ने ।

३. नेपाल सरकारको राष्ट्रिय विकासका नीति तथा कार्यक्रमका साथै अन्तर्राष्ट्रिय स्तरका विकाससँग सम्बन्धित संलग्नता तथा प्रतिवद्धतासम्बन्धी सूचना तथा तथ्याङ्कहरु नवीनतम सूचना प्रविधिको प्रयोग गरी केन्द्रीय भण्डारण (~~Center~~ Repository) र त्यसलाई प्रयोगकर्ता मैत्री वनाउन नविनतम सोच, सृजनात्मक अवधारणा र सुधारात्मक कार्यसम्बन्धी विज्ञता भएका विभिन्न संघ संस्था वा व्यक्तिहरुवाट प्राप्त हुने प्रस्तावका लागि आयोगले प्रोत्साहन र विकास गर्न लगाउने।

४. चौधौं योजनाको अंग्रेजी भाषा अनुवाद, दिगो विकास लक्ष्यसम्बन्धी वेसलाईन प्रतिवेदन र दिगो विकास लक्ष्यकै आवश्यकता पहिचान तथा लागत सम्बन्धी प्रतिवेदनका मस्यौदाहरुमा आ-आफ्नो विषय क्षेत्रगत अंशहरुलाई सम्बन्धित माननीय सदस्यहरुले गम्भिरतापूर्वक हेरी अन्तिम रुप दिने।